महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## प्रसौनी गाउँपालिका, बारा

## ८०२२१५०५३००

## प्रसौनी गाउँपालिका , बारा

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-९-२२

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
प्रसौनी गाउँपालिका, बारा ,
प्रसौनी गाउँपालिका , बारा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को विनियोजन,राजस्व,धरौटी र अन्य कारोबारको आर्थिक विवरण तथा सो सँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१।०९।१ मा छलफल पश्चात् तयार गरिएको पाना ३५ को प्रारम्भिक प्रतिवेदन यसै साथ छ।
कार्यालयबाट पेस भएको आर्थिक विवरण प्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो।
लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो।
प्रतिवेदनमा उल्लिखित ब्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३७ बमोजिम ३५ दिनभित्र फस्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फस्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका ब्यहोराहरू समावेश गरी लेखाउत्तरदायी अधिकृत।कार्यपालिका प्रमुखलाई जानकारी गराइने ब्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

बद्रीप्रसाद नेपाल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
सङ्घीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय सिंहदरबार, काठमाडौँ,
info@mofaga.gov.np
कोष तथा लेखा नियन्त्रक कार्यालय, बारा,
bara.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय खण्ड**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यसको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल २०.२४वर्ग किलोमिटर तथा २५४१४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।१५ देखि २०८१ ।८।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-**

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ११६७१३६२५ | ० | ११६७१३६२५ | -६५९२९६१४ | ० | -६५९२९६ |
| १३००० | अनुदान | | २५२७४६७७० | ० | २५२७४६७७० | ३००९१२७५९ | ० | ३००९१२ |
| १४००० | अन्य राजस्व | | २०१९५०३६ | ० | २०१९५०३६ | ९७९४९२५३ | ० | ९७९४९ |
| १५००० | विविध प्राप्ति | | ० | ० | ० | ० | ० | |
| क | कुल जम्मा प्राप्ति | | ३८९६५५४३१ | | ३८९६५५४३१ | ३३२९३२३९८ | | ३३२९३२ |
| ३ | चालु | | २४५८७३६३९ | ० | २४५८७३६३९ | २१६६५९२२६ | ० | २१६६५९ |
| २१००० | पारिश्रमिक / सुविधा | | ४४४१०७०६ | ० | ४४४१०७०६ | ४२७६३२२८ | ० | ४२७६३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ९३०८२३६९ | ० | ९३०८२३६९ | ८५६३४११४ | ० | ८५६३४ |
| २५००० | सहायता (Subsidy) | | ३०६८९११ | ० | ३०६८९११ | ० | ० | |
| २६००० | अनुदान | | ९७२०६४१३ | ० | ९७२०६४१३ | ७९५६३०४६ | ० | ७९५६३ |
| २७००० | सामाजिक सुरक्षा | | ५५४६५०६ | ० | ५५४६५०६ | ३३३५१९९ | ० | ३३३५१ |
| २८००० | अन्य खर्च | | २५५८७३४ | ० | २५५८७३४ | ५३६३६४० | ० | ५३६३ |
| ४ | पूंजीगत | | १५३८८५३२० | ० | १५३८८५३२० | १६७७२६६३९ | ० | १६७७२६ |
| ३१११० | भवन तथा संरचना | | ४२४७१०९८ | ० | ४२४७१०९८ | ३२५८०३२० | ० | ३२५८० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ५२८९८७२ | ० | ५२८९८७२ | १२१६९९८१ | ० | १२१६९ |
| ३११५० | सार्वजनिक निर्माण | | ९७८४०२४२ | ० | ९७८४०२४२ | ७५१४७४०३ | ० | ७५१४७ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १८७३१२३ | ० | १८७३१२३ | ० | ० | |
| ३११७० | पूँजीगत सुधार खर्च | | ६४१०९८५ | ० | ६४१०९८५ | १७४०२९३५ | ० | १७४०२ |
| ३१२२० | मौज्दात सामानहरु | | ० | ० | ० | ३०४२६००० | ० | ३०४२६ |
| ख) | कुल जम्मा भुक्तानी | | ३९९७५८९५९ | | ३९९७५८९५९ | ३८४३८५८६५ | | ३८४३८५ |
| ग) | बचत / कमी (ग = क-ख ) | | (१०१०३५२८) | | (१०१०३५२८) | (५१४५३४६७) | | (५१४५३४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | | २२५२२५८६ | | २२५२२५८६ | (३५९२७१२) | | (३५९२७ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | (२६४९५४) | | (२६४९५४) | (३४४३४९३) | | (३४४३४ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | | १२४१९०५८ | | १२४१९०५८ | (५५०४६१७९) | | (५५०४६१ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ८९८३४५५९ | | ८९८३४५५९ | १४४८८०७३८ | | १४४८८०७ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १०२२५३६१८ | | १०२२५३६१८ | ८९८३४५५९ | | ८९८३४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्नानुसार कार्यक्रमको जम्मा रु. ४४४८३४२४०.९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| क्र.स | कार्यक्रम | रकम |
|---|---|---|
| १ | गरिबसँग विशेश्वर कार्यक्रम | ४१४९९९ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८२०००० |
| ३ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३०६८६११२ |
| ४ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ९२१७६४३२ |
| | जम्मा | १२४०९७५४३ |

सैद्धान्तिक बेरुजु

२.२ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.८५२८९६२३, यस वर्षको प्राप्ति रु. ३०९९९८५४, यस वर्षको भुक्तानी रु .११७४५९२३१.७७र बैङ्क मौज्दात रु. ११६९७५३.६३फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ८९८३४५५९.२१ | ४५५५५३६१९.६५ | ४४३१३४५६१.२३ | १०२२५३६१७.६३ |
| एकीकृत आर्थिक विवरणअनुसार | १७५१२४१८३.१३ | ४८६५५३४७४ | ५६०५९३७९३ | १०१०८३८६४ |
| फरक | ८५२८९६२३.९२ | ३०९९९८५४.३५ | ११७४५९२३१.७७ | -११६९७५३.६३ |

सैद्धान्तिक बेरुजु

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको म.ले.प.फा.नं २७० अनुसार २०७९/८० को बाँकी मौज्दात रु.८९८३४५५९.२१ (२०७९/८० को अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार २०७९/८० को बाँकी मौज्दात रु. २२१२८१३४०.१० रहेको) रहेकोमा २०८०/८१ मा गत वर्षको जिम्मेवारी रु. २२१२८१३४०.१० सारेको छ ।

सैद्धान्तिक बेरुजु

२.४ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

| बैंक तथा नगद मौज्दात | | | | |
|---|---|---|---|---|
| खाताको प्रकार / बैंकको नाम (खाता नं) | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक | कैफियत |
| ग १.१ - आन्तरिक राजस्व खाता / हिमालयन बैंक लि.,०५३०७६८२९४००१९ | १२०० | ९४२४११ | -९४१२११ | |
| ग २.१ - चालू खर्च खाता- विजोर वर्ष / हिमालयनबैंक लि.,०५३०७६८२९४००११ | १८१२५३६९ | ० | १८१२५३६९ | |
| ग २.३ - पूँजिगत खर्च खाता- विजोर वर्ष / हिमालयनबैंक लि.,०५३०७६८२९४००१२ | ३०९७२७२० | ० | ३०९७२७२० | |
| ग २.७ - विविध खर्च खाता / हिमालयन बैंक लि.,०५३०७६८२९४००२० | ३३५१३ | १२५६५३२२ | -१२५३१८०९ | |
| ग ३.१ - स्थानीय तह धरौटी खाता / हिमालयन बैंकलि.,०५३०७६८२९४००१३ | २५८२५४०३ | २५८२५४०३ | ० | |
| ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता / हिमालयनबैंक लि.,०५३०७६८२९४००१४ | १६७७५०४० | ५२५७१२१६ | -३५७९६१७६ | |
| ग ५.१ - स्थानीय तह विविध कोष खाता / हिमालयन बैंकलि.,०५३०७६८२९४००२३ | १००९७६०५ | १००९७६०५ | ० | |
| ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता /हिमालयन बैंक लि.,०५३०७६८२९४००१७ | ७३४७७ | २४३१८ | ४९१५९ | |
| जम्मा | १०१९०४३२७ | १०२०२६२७५ | -१२१९४८ | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२.५ **कर दायित्व** – आयकर ऐन २०५८ को दफा ८८ वमोजिम भुक्तानी दिदा अग्रिम कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.२,६४,९५४.३० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,६४,९५४ |
|---|---|

२.६ **शसर्त अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु. १७८२१२३० देखाएकोमा गाँउपालिकाले रु. १६४४३२३० मात्र २०८०।८१ मा फिर्ता गरेको देखिएकोले बाँकी रु. १३७८००० गाँउपालिका चालु गो.भौ.नं./मिति १९/२०८१।५।२१ फिर्ता गरिएको छ । पालिकाले ससर्त रकम समयमा फिर्ता गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३ **बजेट तथा कार्यक्रम**

३.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले मिति २०८०।०३।७ गते रु. ४५करोड ४५ लाख ७५ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा यस पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **लक्ष्य प्रगति :** पालिकाले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा आफूले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीयस्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्न तर्फ ध्यान दिनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५प्रतिशत सम्म** | **५० प्रतिशत सम्म** | **७५ प्रतिशत सम्म** | ७५ प्रतिशत भन्दा माथि |
| **कार्यक्रम संख्या** | | | | | | |
| **पालिका** | १०५ | २६ | २ | २ | ९ | ६६ |
| **वडागत** | | ४ | ० | ० | ४ | ४८ |

सैद्धान्तिक बेरुजु

३.५ **योजनाको प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १७१ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १०५ | ८ | ४८ | ४९ |
| २. | वडास्तरीय | ५६ | ० | १६ | ४० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १४१ योजना मात्र कार्यान्वयन भई ३० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.६ **अबण्डा बजेट**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष विभिन्न शीर्षकमा एकमुष्ट रु.१२६७५००० अबण्डा बजेट व्यवस्था गरी रु. ११७६०७१४खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क्र.स | कार्यक्रम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | सेवा र परामर्श खर्च | १५०००००. | १३७९३१६. |
| २ | कार्यक्रम खर्च | १२०००००. | १२०००००. |
| ३ | वाटो मर्मत कार्य | १००००००. | १००००००. |
| ४ | समपुरक/म्याचिङ्ग फण्ड । योजना को लागि | २००००००. | १९९९५१९. |
| ५ | समपुरक अनुदान | १९७५०००. | १६२३०१८. |
| ६ | गाउँपालिका अध्यक्ष ज्यूको सिफारिसमा मर्मत संभार | २००००००. | २००००००. |
| ७ | कार्यपालिका सदस्यको सिफारिसमा सञ्चालन हुने योजनाहरु | ३००००००. | २५५८८६१. |
| | जम्मा | १२६७५०००. | ११७६०७१४. |

सैद्धान्तिक बेरुजु

३.७ **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत पालिकाको विशेष गाँउसभाको निर्णयबाट रु.६ करोड ४७ लाख ६५ हजार रकमान्तर गरेको छ। रकमान्तर गर्ने

परिपाटीमा सुधार भएको पाइएन । पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४ आय र व्यय बिश्लेषण

४.१ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय(अल्या सहित) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २४२६२७४९१.३८ | ६९७१२६६४.०५ | २८.७३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २८.७३ प्रतिशत मात्र रहेको छ। त्यसैले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४.२ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तरिक आय रु.६ करोड ९७ लाख १२ हजार ६६४, राजस्व बाँडफाँड रु.६ करोड ९२ लाख २७ हजार ९७४ र अनुदानबाट रु.२५ करोड २७ लाख ४६ हजार ७७० समेत रु.३९ करोड २३ लाख १२ हजार ८५३ आम्दानी भएकोमा चालुतर्फ रु.२४ करोड ५८ लाख ७३ हजार ६३९ र पूँजिगततर्फ रु.१५ करोड ३८ लाख ८५ हजार ३२० गरी जम्मा रु.३९ करोड ५८ लाख ९५९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु तर्फ ६१.५१ प्रतिशत र पूँजिगत तर्फ ३८.४९ प्रतिशत मात्र खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.३ **क्षेत्रगत बजेट तथा खर्च :** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।लक्ष्य अनुसार खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | प्रगति (%) | जम्मा खर्चसंग तुलना |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८५७५००० | ६५३९२०० | ७६.२६ | १.६४ |
| २ | सामाजिक विकास | २२५२३७००० | १९५३७४९५० | ८६.७४ | ४८.८७ |
| ३ | पूर्वाधार विकास | १४९०३०००० | १११०९११६२ | ७४.५४ | २७.७९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२२७३००० | ८६२९५४० | ७०.३१ | २.१६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८८३६४४२५ | ७८१२३३०८ | ८८.४१ | १९.५४ |
| कुल जम्मा | | ४८३४७९४२५ | ३९९७५८९५९ | ८२.६८ | १००.०० |

सैद्धान्तिक बेरुजु

४.४ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| **क्र.स.** | **बजेट उपशिर्षक** | **कुल खर्च** | | **त्रैमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **असार महिना** |
| १ | पूँजिगत | १५३८८५३२०. | १७३८४५४. | १४९९८५५२. | ४७६०४३७५. | ८९५४३९३९. | ६५८९४५५२. |
| | **प्रतिशत** | १००. | १.१३ | ९.७५ | ३०.९३ | ५८.१९ | ४२.८२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१५३८८५३२०निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १७३८४५४ अर्थात १.१३ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.१४९९८५५२ अर्थात.**९.७५** प्रतिशत र तेश्रो त्रैमासिकमा रु. ४७६०४३७५ र चौथो त्रैमासिकमा रु८९५४३९३९ अर्थात.५८.१९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६५८९४५५२ अर्थात४२.८२प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ५ आन्तरिक नियन्त्रण प्रणाली

५.१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकामा आन्तरिक लेखापरीक्षण शाखा नरहेको र यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.२ **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोड जम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको,
- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रमको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाई मात्र श्रेस्तासाथ राख्ने गरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन । कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ,
- यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,
- खरिद भएको औषधि तथा जिन्सी मालसामानको माग फारम, खरिद आदेश, जिन्सी दाखिला समेत राखेको छैन भने Manual दाखिला गरेको कतिपय प्रतिवेदनमा समेत जिन्सी दाखिला नं र जिन्सी खाता पाना नं आदि छैन,
- पालिकाबाट सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रम सीप विकास तालिम लगायका कक्षाहरुमा श्रोत व्यक्तिलाई प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा अधिकांशमा कार्यपत्र समावेश छैन भने विभिन्न् कार्यक्रमहरुको अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत पेश भएको छैन ।
- बैठक भत्ता बापत भुक्तानी भएकोमा नियमित कार्य प्रकृतिका लागि समेत बैठक बसेको भनी भुक्तानी गरेको छ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामाग्री, लघु उद्यम विकास सम्बन्धी सामाग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,
- पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ६ कानुन निर्माण र न्याय सम्पादनको स्थिति

६.१ **कानून कार्यान्वयन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, १ वटा नियमावली, ३२ कार्यविधि, निर्देशिका १ गरी ४० वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ र ४० वटा कानुन राजपत्रमा प्रकाशन भएका छन् ।

सैद्धान्तिक बेरुजु

६.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको बाँकी मुद्दा संख्या ३ वटा रहेकोमा यस वर्ष दर्ता भएका मुद्दा संख्या ५२ गरी ५५ मुद्दा संख्या रहेकोमा ५४ यस वर्ष फछ्र्यौट भई १ वटा बाँकी देखिन्छ ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ७ सेवाप्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण देहाय बमोजिम रहेको जनाएको छ :

| सैवा प्रवाहको स्थिति | |
|---|---|
| विवरण | सिफारिस भएको संख्या |
| स्वीकृत घरनक्सा दर्ता पास | विवरण प्राप्त नभएको |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | १०३५ |
| मृत्युदर्ता | १८४ |
| बसाईसराई दर्ता | ११४ |
| विवाह दर्ता | ३१८ |
| सम्बन्धविच्छेद दर्ता | २ |
| पूर्वाधार विकास सडक निर्माण | प्राप्त नभएको |
| कालोपत्रे सडक निर्माण | प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | ५ किलोमिटर |
| ग्राभेल सडक मर्मत | |

सैद्धान्तिक बेरुजु

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

सैद्धान्तिक बेरुजु

९ **विवरण नपठाएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान,राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम , आन्तरिक आय , ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोलेनिका मा पठाएको देखिएन ।

सैद्धान्तिक बेरुजु

१० **धरौटी**

आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६ को उपनियम २(१) बमोजिम धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भए सोही अवधि भित्र, म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो सम्बन्धी कारोबार अन्तिम रुपले समाप्त भएको मितिले एक बर्ष भित्र धरौटी फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद साथ निवेदन दिनुपर्ने ब्यवस्था छ।साथै उक्त नियमको उपनियम ३ (२) मा म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधी अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बाँध्नु पर्ने ब्यवस्था छ । यस पालिकाको आ.व. २०७९।८० को अ. ल्या रु. १,१३,७७,३६७.७६ र यस आ.व मा २,१४,६२,७७३.०७ गरी जम्मा रु ३,२८,४०,१४०.८३, रहेको छ । आ.व २०८०/८१ मा धरौटी फिर्ता रु. ६९,५१,०२०.१३ भएको र सदरस्याहा रु. ६३,७१८.०० गरी जम्मा रु. ७०,१४,७३८.१३ खर्च भएको र बाँकी २,५८,२५,४०२.७० रहेको देखिन्छ । पालिकाले फिर्ता गर्नुपर्ने म्याद सकिएको र धरौटी जफत गर्नुपर्ने रकम यकिन गरी प्रचिलित कानून बमोजिम प्रकृया पुर्‍याई सदर स्याहा गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११ **चालु आ.व.को पेस्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की २०८०/८१ आर्थिक वर्षको फस्योँट नभई रु.६१ लाख ७ हजार बाँकी रहेको देखिन्छ। जस मध्ये आ.व.२०८०।८१ को म्याद समाप्त भएको फस्योँट गर्न बाँकी रु.

| पेश्की लिएको मिति | गो.भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | रकम |
|---|---|---|---|---|
| २०८०/०७/२४ | ३०० | सरसफाई तथा व्यवस्थापन कार्य | राजवन्सी प्रसाद यादव | ५०००० |
| २०८०/०९/१३ | ४६५ | शैक्षिक भ्रमण कार्यक्रम विधार्थीका लागि प्रति विधालय १५००० कादरले | श्री बेंगासाह मा. वि. प्रसौनी | १५००० |
| कुलजम्मा | | | | ६५००० |

| पेश्की | ६५,००० |
|---|---|

१२ **तालिम खर्च :**

संघ प्रदेश तथा स्थानीय तह ( सम्बन्ध तथा अन्तरसम्बन्ध ) ऐन,२०७७ को दफा ४ को उपदफा ३ मा स्थानीय तहले आफ्नो एकल तथा साझा अधिकारको विषयमा कानून वा नीति बनाउदा संघ र प्रदेश कानूनसंग बाझिन नहुने गरी बनाउनुपर्ने ब्यवस्था छ। स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि संघ र प्रदेश सरकारद्वारा जारी भएको मापदण्ड विपरित नहुनेगरी मापदण्ड बनाएर गर्नुपर्ने वा प्रदेश खर्च मापदण्ड निर्देशिका, बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था विपरित पालिकाले मधेश प्रदेश सरकारद्वारा जारी भएको प्रदेश खर्च मापदण्ड, २०७७ ले विभिन्न तालिम, गोष्ठी, सेमिनारको लागि निर्धारण गरेको नर्म्स भन्दा पनि बढी हुनेगरी मापदण्ड बनाई रु.४८०१९ खर्च लेखेको देखिन्छ ।यसरी प्रदेश खर्च मापदण्डले निर्धारण गरेको नर्म्स भन्दा विपरित खर्च लेखेको अनियमित भएको रु.

| **भौ. नं./मिति** | **भुक्तानी पाउने** | **कार्यक्रम** | **नर्म्स** | **भुक्तानीहुनुपर्ने** | **भुक्तानी भएको** | **बढी भूक्तानी** |
|---|---|---|---|---|---|---|
| १४९२-२०८१/०३/११ | सन्तोष साह रौनियार | सामुदायिकविद्यालयका शिक्षकहरुलाइ तालिम कार्यक्रम | खाजा खाना २५० | ४८,७५० | ९७,५०० | ४८,०१९ |
| कुल जम्मा | | | | | | ४८,०१९ |
| | | | | | अनियमित भएको | ४८,०१९ |

१३ **व्यक्तिलाई भुक्तानी:**

नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको वुंदा नं ४५ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले वडा न ६ मा सडक मर्मत कार्यमा JCB प्रयोग गरेबापत भुक्तानीको लागि वडा नं. ६ का वडा सचिव राजवन्सी प्रसाद यादवले शुभश्री जगदम्बा वासिङ एण्ड क्रसिङ कम्पनी प्रा लि (६१००२६७७७) को बिल पेश गरेको आधारमा निजलाई रु.६५५७६ भुक्तानी दिएको देखियो । सप्लायर्सबाट गरेको बस्तु तथा सेवा भुक्तानी सम्बन्धितको खातामा नै दिनुपर्नेमा कर्मचारीको नाममा निकासा दिएको अनियमित देखिन्छ। बस्तु तथा सेवा खरिदको रकम सम्बन्धित सप्लायर्सको खाता मार्फत भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४ **वितरणमुखी खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणका क्रममा नमूना छनौटगरी श्रेस्ता परीक्षण गर्दा पालिकाले पालिका स्तर र वडा स्तरबाट बजेटको ब्यवस्था गरी रु. १८,६५,५८६ को खेलकुद सामग्री, झोला ,स्वेटर, सारी भाडावर्तन लगायतका सामग्री खरिद गरी वितरण गरेको देखियो। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । साथै उक्त सामग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाईमा लाभग्राहीको परिचयपत्र तथा सम्पर्क नम्वर संलग्न राखेको देखिएन। पालिकाले राहत सामग्री वितरण गर्दा आवश्यकतामा आधारित भइ स्पष्ट कार्यविधी अपनाई लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत वितरणको भरपाई संलग्न गरी वितरणलाइ ब्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ।

| मिति | कामको विवरण | सामग्री | खर्च लेखेको |
|---|---|---|---|
| ५१६-२०८०/०९/१६ | खेलकुद सामाग्री वितरण | | ४९१९६८ |
| ५१७-२०८०/०९/१७ | जिमको सामाग्री वितरण | | ४९१८८४ |
| ६७७-२०८०/१०/२६ | वडा न १ मा विपन्न तथा जेष्ठ नागरिकलाइ सम्मान कार्यक्रम | कटन सारी २१३ पिस | २५५६०० |
| | | सल १०० पिस | ५३००० |
| | | गम्छा १०० पिस | १८००० |
| ७५६-२०८०/११/०९ | विपन्न दलित लाइभाडा वर्तन वितरणबाट लाइ कुर्सी वितरण | प्लाष्टिककुर्सी ३५ पिस @760 | ३००५८ |
| ९१५-२०८०/१२/०६ | वडा न १ मा रहेको ज्ञानज्योती आदर्श प्रा वि को वालबालिकालाइ स्वीटर र झोला वितरण | स्वीटर 350 pcs@433 | ३०१७०० |
| | | झोला350 pcs@429 | |
| १२९५-२०८१/०२/०१ | वडा नं ७ मा खेलकुद समाग्री वितरण | | १४७५६१ |
| १५७६-२०८१/०३/१८ | विपन्न दलितलाइ भाडा वर्तन वितरण | | ७५८१५ |
| | | | १८६५५८६ |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१५ **शिर्षक फरक पारी खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले गाउँ सभाबाट स्वीकृत भएको बजेट शीर्षक भित्र रही तोकिएको कार्यक्रममा खर्च गर्नु पर्दछ। गाउँ सभाबाट स्वीकृत भएका केही कार्यक्रममा देहायका बजेट शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गरेको छ। यसरी तोकिएको शीर्षकमा खर्च नगरी फरक प्रयोजनमा निम्नानुसार खर्च गरिएको रु. ५६१७७३ अनियमित देखिएको ।

| गो भौ न मिति | कारोबारकोविवरण | खर्चलेखेको शिर्षक | हुनुपर्नेशिर्षक | भुक्तानीपाउने | रकम |
|---|---|---|---|---|---|
| ८६८-२०८०/१२/०२ | दैनिक ज्यालादारी कर्मचारी तलब | मसलन्द तथा कार्यालय सामान | पारिश्रमिक | रवि मिलन साह | २५७४० |
| ११९०-२०८१/०१/०४ | बृक्षारोपण कार्यमा ज्याला भुक्तानी | मसलन्द तथा कार्यालय सामान | परिश्रमिक | धर्मेन्द्र कुमार पटेल | ६३०० |
| १२६२-२०८१/०१/३१ | इन्धन खर्च | अन्य सेवा शुल्क | इन्धन कार्यालय प्रयोजन | राहुल गुप्ता | १६६९ |
| १५९३-२०८१/०३/२० | कृषि मिटर महसुल भुक्तानी | फोहोरमैला ब्यवस्थापन कार्यको डी पी आर | विद्युत महशुल | नेपाल विद्युत प्राधिकरण | ४४७०६४ |
| १७४४-२०८१/०३/२० | ट्याक्टर भाडा | फोहोरमैला ब्यवस्थापन कार्यको डी पी आर | भाडा अन्य | प्रमिला कुमारी देवी | ८१००० |
| | | | | | ५६१७७३ |

| | |
|---|---|
| अनियमित भएको | ५,६१,७७३ |

१६ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा १० लाख सम्मको निर्माण कार्य सोझै खरिद गर्न सकिने, रु.२० लाख सम्मको निर्माण कार्य गर्दा शिलवन्दी दरभाउपत्र र सो भन्दा वढीको खरिद गर्नु परेमा वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाको पालना नगरी पालिकाको लागि मसलन्द तथा कार्यालय समाग्री शीर्षकबाट टुक्रा-टुक्रा पारी फरक फरक आपूर्तिकर्ताबाट दररेट माग गरेर तथा सोझै खरिद गरी रु १२९१०४६ खर्च लेखेको छ । यसरी कानुनी व्यवस्था पालना नगरी खरिद कार्य गरेको नियमित नदेखिएको रु.

| मिति | भौ.नं. | विवरण | डेबिट |
|---|---|---|---|
| ०६/०२/२०८१ | १३५७ | अभिषेक सप्लायर्स । - | ८४५००० |
| ०२/०३/२०८१ | १४४१ | लक्ष्मी इन्टरप्राइजेज | १९१० |
| १५/०३/२०८१ | १५२९ | न्यु राणी सति इन्टरप्राईजेज | १८२०० |
| २०/०३/२०८१ | १६०८ | अफिस डिलर्स | ९९४२८ |
| २०/०३/२०८१ | १६१० | चौधरी वर्ल्ड कम्यूनिकेशन | १९८०० |
| २०/०३/२०८१ | १६१४ | रंजिता ट्रेडर्स | १९५०० |
| २०/०३/२०८१ | १६१६ | एस एन जी ट्रेड एण्ड सप्लायर्स - | ९४९२० |
| २०/०३/२०८१ | १६१७ | श्रीनाथ ट्रेडर्स | १९००० |
| २०/०३/२०८१ | १६१८ | चन्द्रलोक कपडा पसल | २७७०० |
| २०/०३/२०८१ | १६१९ | रंजिता ट्रेडर्स | १९९०० |
| २०/०३/२०८१ | १६२० | चौधरी वर्ल्ड कम्यूनिकेशन | १३२०० |
| २०/०३/२०८१ | १६२२ | आरती इलेक्ट्रोनिक | १६३७८ |
| २०/०३/२०८१ | १६२४ | धर्मेन्द्र कुमार पटेल | १२५०० |
| २०/०३/२०८१ | १६२५ | समिर नायलन स्टाम्प उद्योग | १९८५० |
| २०/०३/२०८१ | १६२६ | श्री कृष्णा इलेक्ट्रिक स्टोर - | १८८६० |
| २३/०३/२०८१ | १६९१ | सौरभश्री इन्टरप्राईजेज | १९७०० |
| २४/०३/२०८१ | १७४८ | सुपर ट्रेड एण्ड सप्लायर्स | १९२०० |
| जम्मा | | | १२८५०४६ |

| | |
|---|---|
| अनियमित भएको | १२,८५,०४६ |

१७ **मर्मत सम्भार खर्च:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(५) मा खर्चको पुष्टया्ई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सवारी साधन मर्मत शिर्षकबाट रु. १० लाख र मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन शीर्षकबाट रु. १० लाख २५ हजार समेत रु. २० लाख २५ हजार खर्च लेखेकोमा अधिकांश मर्मत कार्य गर्दा मर्मत अभिलेख खाता राख्ने गरेको भएता पनि पूर्ण रुपमा मर्मत आदेश तथा मर्मत अभिलेख खाता संलग्न नगरेको तथा मर्मतबाट फिर्ता प्राप्त पार्टपूर्जा दाखिला गर्ने गरेको देखिएन। साथै मर्मत अभिलेख समेत राखेको छैन। कुन कुन मेशिनरी तथा सवारी साधन मर्मत गरेको हो यकिन गर्ने आधार

देखिएन भने सम्बन्धित उपयोग कर्ताबाट मर्मत सम्पन्न भएको प्रमाणित गराई राख्ने गरेको देखिएन ।तसर्थ मरमत संभार गरेको पुष्टि हुने प्रमाण कागजात संलग्न गरी खर्च गर्नु पर्दछ।केही उदाहरणहरु देहाय वमोजिम उल्लेख गरिएको छ।

| मिति | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | भुक्तानी पाउने | खर्च |
|---|---|---|---|
| २२७-२०८०/०७/२१ | मेशिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | सुनिता ट्रेड सप्लायर्स | १९५०० |
| २७४-२०८०/०७/२३ | मेशिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | हिमाल रेफ्रिजेरेशन | ६,५००.०० |
| २७५-२०८०/०७/२३ | मेशिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | विश्वकर्मा मोटरसाइकल रिपेरिङ्ग वर्कसप | ४६,९५५.०० |
| ५००-२०८०/०९/१३ | मेशिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | स्मार्ट आइ टी इन्टरप्राइजेज | ६६,७८३.०० |
| ५४४-२०८०/०९/२२ | मेशिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | सिटी नेटवर्क | ८९३११ |
| जम्मा | | | २२९०४९ |

सैद्धान्तिक बेरुजु

१८ **गैर सरकारी संस्थासँग कार्य:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण सबलीकरण, मूलप्रवाहीकरणजस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो,, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि संघ र प्रदेश सरकारद्वारा जारी भएको मापदण्ड विपरित नहुनेगरी मापदण्ड बनाएर गर्नुपर्ने वा प्रदेश खर्च मापदण्ड निर्देशिका, बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारका तालिम तथा कार्यक्रम गैर सरकारी संस्थाबाट गराउँदा प्रसौनी गाउपालिकाको ऐन कानुन एवं बजेट, नीति तथा कार्यक्रम २०७५ जारी गरी मधेश प्रदेश सरकारद्वारा जारी भएको प्रदेश खर्च मापदण्ड, २०७७ ले विभिन्न तालिम, गोष्ठी, सेमिनारको लागि निर्धारण गरेको नर्म्स भन्दा पनि बढी हुनेगरी मापदण्ड बनाई रु.१४४९५५ खर्च लेखेको देखिन्छ ।यसरी प्रदेश खर्च मापदण्डले निर्धारण गरेको नर्म्स भन्दा विपरित कार्यविधि बनाई खर्च लेखेको अनियमित भएको रु.

| भौ. नं./ मिति | भुक्तानी पाउने | कार्यक्रम | नर्म्स | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भूक्तानी |
|---|---|---|---|---|---|---|
| ६४७-२०८०/१०/११ | बौद्दिमाइ डेभलपमेण्ट स्किल सेन्टर प्रा लि ६१००५२७३२ | महिला हिंसा विरुद्ध जनचेतनामुलक कार्यक्रम | संयोजक ४०० | २,००० | ५,००० | २,५५० |
| | | | विविध ३००० | ३,००० | ७,२६० | ४,२६० |
| | | | अनुगमन प्रतिवेदन नभएको | ३,००० | १२,००० | ९,४५० |
| ६४९-२०८०/१०/११ | लालिगुराँस विकास केन्द्र६१९२१९१३६ | बाल विवाह सम्बन्धी जनचेतनामुलक कार्यक्रम | संयोजक ४०० | २,००० | ७,५०० | ४,६७५ |
| | | | अनुगमन प्रतिवेदन नभएको | | १२००० | १०,२०० |
| ६९४-२०८0/११/०१ | जागृक युवा नेपाल संस्था ६०५१२४५५५ | महिला हिंसा सम्बन्धि जनचेतनामुलक तालिम | संयोजक ४०० | २,००० | ७,५०० | ४,६७५ |
| | | | अनुगमन प्रतिवेदन नभएको | | १२००० | १०,२०० |
| ८०७-२०८०/११/१५ | सहारा युवा क्लव ६०५६७२५०३ | बालविवाह तथा दाइजो प्रथा उन्मुलन कार्यक्रम | संयोजक ४०० | २,००० | ७,५०० | ४,६७५ |
| | | | अनुगमन प्रतिवेदन नभएको | | १५००० | १२,७५० |
| | | | विविध ३००० | ३,००० | ७,५०० | ४,५०० |
| ८४४-२०८0/११/२४ | शुभारम्भ सहयोगी संस्था ३०५४१६६७६ | लागु पदार्थ तथा दुर्व्यसनबाट सुधार तथा आत्महत्या न्यूनिकरण सम्बन्धी अभिमुखिकरण | संयोजक ४०० | २,००० | १४,००० | १०,२०० |
| | | | अनुगमन प्रतिवेदन नभएको | | १०००० | ८,५०० |
| | | | विविध ३००० | ३,००० | ६,६५० | ३,६५० |
| १०९१-२०८०/१२/१९ | युवा जनशक्ति नेपाल ६०९१०७४७२ | बाल क्लव गठन तथा संचालन प्रकृया सम्बन्धी अभिमुखिकरण | संयोजक ४०० | २,८०० | ९,८०० | ५,९५० |
| | | | अनुगमन प्रतिवेदन नभएको | | १४००० | ११,९०० |
| | | | विविध | ३,००० | १६,४५० | १३,४५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ३००० | | | |
| १४२०-२०८१/०२/३२ | प्रयास फाउण्डेशन नेपाल ६१९३५३७८६ | विद्यालय बाहिरका किशोर किशोरीलाइ क्षमता अभिबृद्धि तालिम | संयोजक ४०० | ६,००० | २१,००० | १२,७५० |
| | | | विविध ३००० | ३,००० | ६,००० | ३,००० |
| १४२१-२०८१/०२/३२ | तराइ डेभलप्मेण्ट फाउण्डेशन नेपाल ६०५७०९७८६ | कृषकहरुलाइ विषादी सम्बन्धी तालिम | संयोजक ४०० | १,२०० | ८,४०० | ६,१२० |
| | | | विविध ३००० | ३,००० | ४,५०० | १,५०० |
| कुल जम्मा | | | | | | १४४,९५५ |

| | |
|---|---|
| अनियमित भएको | १,४४,९५५ |

१९ **धर्मशाला निर्माणः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापि किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्ने उल्लेख छ । त्यस्तै नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले वडा नं.२ को धर्माशाला निर्माण कार्यका लागि उपभोक्ता समितिबाट लागत अनुमान रु.१२,९२,७३५.६१ तयार गरी मिति २०८१/३/४ मा सम्झौता गरेकोमा सोको भुक्तानी गो.भौ.नं.२५५/०८१-३-२४ बाट प्राविधिक मुल्यांकन रु.१०३०७९३.०७ मा उपभोक्ताको योगदान १०% कट्टा गरी जम्मा रु.९२७७१३ भुक्तानी गरेको छ। पालिकाले Plinth Level मा बोल्डर सोलिङ्ग र गारो लगाउने काममा कोलमको साईज नघटाई ०.४५ घनमीटर वढी परिमाणको भुक्तानी गरेको छ।तसर्थ प्रति घनमिटरको रु.१८४१३.३३ को दरले हुने रकम रु ८२४६ वढी भुक्तानी गरेको छ।तसर्थ वढी भुक्तानी दिएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,२४६ |

२० **कम्पाउण्ड वाल सहित गेट निर्माणः**

पालिकाले प्रशासकिय भवनको कम्पाउण्ड वाल निर्माण २०८१/३/१५ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८०/१०/८ मा उपभोक्ता समितिसंग रु.३७,७१,७२९।- को लागत अनुमान स्वीकृत गरी सम्झौता गरेको देखिन्छ ।उक्त स्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छनः

**मूल्यांकन भन्दा बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले भुक्तानीका लागि पेश भएको पहिलो रनिङ्ग बिल बिलको भुक्तानी गोश्वारा भौचर नम्बर ८१/०८०-१२-१० बाट रु.२०,१५,६९२ खर्च लेखेको छ । नापी किताब तथा मुल्यांकनअनुसार पालिकाले जम्मा मुल्यांकन रु.२०,१५,६९२ गरेकोमा १०% उपभोक्ताको योगदान कट्टा गरी कुल भुक्तानी योग्य रकम रु.१८१४१२२.९० भुक्तानी हुनुपर्नेमा पालिकाले उपभोक्ताको अंश कट्टा नगरी मुल्यांकन बराबरको भुक्तानी गरेकोले बढी भुक्तानी रु.२०१५६९.२० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०१,५६९.२ |

२१ **साईकल खरिदः**

२१.१

**लागत अनुमानको आधार-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले खरिद गर्ने मालसामानको लागत अनुमान तयार गर्दा चालु वा विगतका वर्षमा सम्बन्धित निकाय वा अन्य निकायले खरिद गरेको वास्तविक लागत, स्थानिय बजारमा वा अन्य बजारमा प्रचलित दरभाउ, जिल्ला दररेट वा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधार लिनु पर्ने उल्लेख छ। पालिकाले यस वर्ष सार्वजनिक विद्यालयका कक्षा ९ का छात्रालाई निःशुल्क साईकल वितरणका लागि रु.२५ लाख बजेट विनियोजन गरेकोमा २८७ वटा साईकल खरिदका लागि प्रति साईकल रु.७५००(भ्याट बाहेक) लागत अनुमान निर्धारण गरी जम्मा रु.२४,३२,३२५।- को लागत अनुमान स्विकृती गरेको देखिन्छ । पालिकाले उपरोक्त लागत अनुमान तयार गर्न मौजुदा सुचीमा सुचिकृत ३ वटा फर्मको कोटेशन संलग्न गरी लागत अनुमान तयार गरेको छ । पालिकाले गत विगतमा समेत यस्तो कार्यक्रम सँचालन गर्दै आएकोले गत आ.व.मा खरिद गरेको वास्तविक खरिद लागत प्रति साईकल रु.६७७५.५ (भ्याट बाहेक) समेतको दररेटलाई आधार लिएको देखिएन । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार गत विगतमा खरिद गरेको वास्तविक लागत समेतलाई लागत अनुमानको आधार नलिँदा पालिकाले तयार गरेको लागत अनुमान यथार्थ र वास्तविक हो भनी यकिन गर्न सकिएन । तसर्थ पालिकाले नियमावली अनुसार व्यापक आधार लिई लागत अनुमानलाई यथार्थ र वास्तविक बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१.२ **भरपाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । पालिकाले साईकल खरिदका लागि ठेक्का नं. PRM/NCB/G/2080/081/03 बाट रु.२१,५९,५८०.२९ (भ्याट समेत) को बोलपत्र आह्वान गरेकोमा आपुर्तिकर्ता मुनिल सप्लायर्ससंग २०८०/९/२६ मा २८७ वटा साईकल खरीद गर्ने सम्झौता भएको देखिन्छ । यसरी पालिकाले खरिद गरेको २८७ वटा साईकल वितरण गर्दा २३३ वटा मात्रको भरपाई पेश भएको र बाँकी ५४ वटा साईकलको वितरण भरपाई पेश गरेको छैन । तसर्थ उक्त साईकल रु.४०६३३२.१८ वरावरको विद्यार्थीलाई वुझाएको भरपाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०६,३३२.१८ |

२२ **बाटो तथा नाला निर्माणः**

पालिकाले बाटो तथा नाला निर्माण कार्य गर्न रु.३०,००,०००।- को लागत अनुमान स्वीकृत गरी मिति २०८१/३/१८ सम्ममा कार्य सम्पन्न गर्ने गरी २०८१/३/१० मा उपभोक्ता समितिसंग सम्झौता गरेको देखिन्छ । उक्त प्रदेश शशर्त रकमको स्रेस्ता परीक्षणबाट देहायका व्यहोरा देखिएको छ ।

बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापि किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्नु पर्ने र नियम १०(२) मा स्विकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले तयार गरेको ईष्टिमेटको Items No.1 Roadway Excavation in all types soil Manually means को काम का लागि दर रु.६००.८३ तोकिएको देखिन्छ । पालिकाले कार्यसम्पन्न प्रतिबेदन साथ पेश गरेको स्रेस्ता र निर्माण कार्यको फोटो परीक्षण गर्दा उपभोक्ता समितिले उपरोक्त कार्यका लागि Exavator(मेशीन) प्रयोग गरी कार्य गरेको देखियो । यसरी पालिकाले Machine Means को दररेट रु.११८.०४ भन्दा बढी रु.४८२.७९ दररेटले १९४.४० घनमिटर परिमाणको रु.९३८५४.३८ बढी भुक्तानी भएको छ । उक्त रकम उपभोक्ता समितिबाट असुल गरी प्रदेश संचित कोषमा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,८५४.३८ |

२३ **खेलकुद पुर्वाधार निर्माण**

पालिकाले वडा नं ४ मा खेलकुद पुर्वाधार निर्माण कार्यका लागि २०८१।२।२१ मा बिद्युतिय प्रणाली मार्फत सिलबन्दी दरभाउपत्र माग गरी निर्माण व्यवसायी अनमोल कन्स्ट्रक्सनसँग २०८१ असाढ मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी रु.८९९,४३४.६७ (भ्याट समेत) मा सम्झौता गरेको देखिन्छ। उपरोक्त स्रेस्ता परीक्षण गर्दा देहायका व्यहोरा देखिएको छः

**ठेक्का मूल्य भन्दा बढीमा कोटेशनबाट निर्माण कार्य गराएकोः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३(क) मा सार्वजनिक खरिद कार्यमा मितव्ययीता, प्रतिस्पर्धा कायम गर्न प्याकेजमा खरिद गर्न सकिने वा टुक्रयाउन सकिने उल्लेख छ । पालिकाले कम्पाउण्ड वाल निर्माण कार्यका लागि विनियोजित रकम १५ लाखको निर्माण कार्य गर्नका लागि सिलबन्दी दरभाउपत्र मार्फत ६६ मिटरको वाउण्ड्री वाल निर्माण गरेको छ। उपरोक्त योजनामा निर्माण व्यवसायीबाट ३८.७९% Below मा कबोल गरेकोले पालिकाले बाँकी बजेटबाट थप वाउण्ड्रीवाल निर्माणका लागि कोटेशन माग गरी निर्माण व्यवसायी आगुल सप्लार्यस प्रा.ली.सँग मिति २०८१/२/२५ मा कबोल अंक ५८३,२३५.३८ मा निर्माण कार्य गर्ने सम्झौता गरेको छ। पालिकाले ई-बिडिङ्ग मार्फत गरेको खरिद दरभन्दा बढी दररेटमा एउटै योजना, एउटै निर्माण स्थलमा कोटेशन बिधिबाट खरिद गरेको देखियो ।यसरी खरिद गर्दा रु १८३०३५ वढी भुक्तानी भएको छ। तसर्थ यसरी बढी दररेटमा भुक्तानी भएको देहाय अनुसारको भुक्तानी सम्वन्धितवाट असुल गर्नुपर्ने रु.

| कामको विवरण | परिमाण | ठेक्काको दररेट | भुक्तानी भएको दररेट | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| Earthwork Exavation | ३१.६१ घ.मी. | २०० | ६०० | ४०० | १२६४४ |
| Boulder Solling | ३.३८ घ.मी. | २५०० | ६१०० | ३६०० | १२१६८ |
| PCC M15 | १.१३ घ.मी. | ७५०० | १२४२४ | ४९२४ | ५५६४ |
| RCC M20 | ७.२८ घ.मी. | ९५०० | १४२५० | ४७५० | ३४५८० |
| Reinforcement for RCC | ४८३.६४ के.जी | १०५ | १४९ | ४४ | २१२८० |
| Brick Masonary in 1:4 | १५.५३ घ.मी. | ९५०० | १४६४० | ५१४० | ७९८२४ |
| FormWork | ४८.५० बर्ग मि | ४०० | ७५० | ३५० | १६९७५ |
| | | | | जम्मा | १८३०३५ |

| असुल गर्नुपर्ने | १,८३,०३५ |
|---|---|

२४ **टावर लाईटः**

सार्वजनिक खरिद ऐन,२०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रकृयामा प्रतिस्पर्धा, मितव्ययिता कायम गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष ३ वटा टावर लाईट जडान कार्य निर्माण व्यवसायी ईभोन ईनर्जी सोलुसन प्रा.ली.वाट जम्मा रु.१०९८९९०.६३ (भ्याट समेत) मा गराएको देखिन्छ । त्यस्तै बारा जिल्लाकै अर्को पालिकाले ४ वटा टावर लाईट कोटेशनबाट मात्र रु.७७२५४१.९८ (भ्याट समेत) मा खरिद गरेको देखिन्छ। यसरी यस पालिकाले प्रति थान रु.३६६३३०.२१ मा खरिद गरेकोमा कलैया उपमहानगरपालिकाले रु.१९३,१३५.४९ मात्रमा सो कार्य गरेको छ । तसर्थ पालिकाले मुल्यको सार्थकता कायम गर्ने गरी मितव्ययी तवरले खरिद गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **Construction of Multipurpose Building(PRM/NCB/Work/080/081/02)**

पालिकाले बहुउद्देश्यीय भवन निर्माण कार्य २०८२ जेष्ठ मसान्तसम्ममा कार्य सम्पन्न गर्ने गरी २०८०/९/२३ मा निर्माण व्यवसायी अर्चना/पि.पि.कन्स्ट्रक्सन जे.भी.संग रु.३,४३,३४,३२४.७३ (भ्याट समेत) मा ठेक्का सम्झौता गरेको देखिन्छ ।उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छनः

२५.१ **जग्गाको स्वामित्वः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्थापन गरेर मात्र बोलपत्र आव्हान गरी निर्माण प्रकृया प्रारम्भ गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वहुउद्धेश्य भवन निर्माणको पहिलो र दोस्रो रनिङ्ग बिल रकम जम्मा रु.१,१३,१७,८४३.२८(भ्याट,पि.एस.समेत) भुक्तानी गरेको छ । निर्माण स्थल जमिनको स्वामित्वको प्रमाण माग गर्दा त्यसको प्रमाण नभएको र जमिन पालिकाको नाममा नरहेको यो संरचना नेपाल सरकारको सार्वजनिक(ऐलानी) जग्गामा निर्माण रहेको भन्ने पालिकाको भनाई रहेको छ । साथै पालिकाले निर्माण गर्दै गरेको उक्त टाउन हल भवन बिरगंज-कलैया सडकसँग

टाँसिएर बनाई रहेको देखिन्छ । सडकले अग्राधिकार राख्ने जग्गा कति सम्म रहेको सो समेत यकिन गरेको देखिएन । नेपाल सरकारको नाममा रहेको सरकारी वा सार्वजनिक जग्गामा स्थानिय लगायत सरकारी निकायहरुले प्रचलित कानुन अनुसार आफ्नो नाममा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण कार्य गर्ने

व्यवस्था रहेको देखिदैन ।अतः नेपाल सरकारको नाममा रहेको सरकारी वा सार्वजनिक जग्गाको उपभोग गर्ने प्रयोजनार्थ खरिद प्रक्रिया अगाडि बढाउनु

पूर्व भूमि सम्बन्धि नेपाल सरकारको प्रचलित कानूनको पूर्ण पालना गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५.२ स्थलगत अनुगमनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा त्रुटिपुर्ण कार्य अस्वीकार गर्ने र त्यस्तो कार्य निर्माण व्यवसायीवाट प्रतिस्थापन गर्न लगाउने उल्लेख छ । लेखापरीक्षणको क्रममा कार्यालयका प्राविधिक कर्मचारी र साईट ईन्चार्जसहित भवन निर्माण अवस्था स्थलगत अनुगमन गर्दा पालिकाले निर्धारण गरेको कोलम र बिमको कंक्रिटको गुणस्तर(M20) कायम रहेको देखिएन । भवनको दोस्रो तल्लाको कोलममा Joint को बाहिरबाट गिट्टीमात्र देखिने गरेको, कंक्रिटमा वालुवा, सिमेन्ट र गिट्टीको भाग तोकिएको मात्रामा नहुँदा र भाईब्रेटर प्रयोग आवश्यक मात्रामा नहुँदा कोलमको भित्री भाग खोक्रो परेको देखिन्छ ।ढलान भएको बिम, कोलमको केही भागमा गिट्टीको मात्रा धेरै देखिन्छ। त्यस्तै प्रकारको अवस्था स्लाबको बिममा समेत देखिन्छ । तसर्थ पालिकाले कंक्रिटको गुणस्तर कायम गरी भवन निर्माण दिगो बनाउनका लागि प्राविधिकबाट परिक्षण गराई गुणस्तरयुक्त निर्माणका लागि निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्दछ ।



सैद्धान्तिक बेरुजु

२६ **कृषि बिद्युतीकरणः**

पालिकाले ई-बिडिङ्गमार्फत कृषि विद्युतीकरण कार्य २०८१/३/१६ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८१/२/२४ मा निर्माण व्यवसायी रिषभ कन्स्ट्रक्सनसँग रु.३६,२६,०७८.६० (भ्याट समेत) मा ठेक्का सम्झौता गरेको देखिन्छ ।उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छनः

२६.१ **प्याकेजमा ठेक्का**: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३(क) मा सार्वजनिक खरिद कार्यमा प्रतिस्पर्धा कायम गर्न प्याकेजमा खरिद गर्न सकिने वा टुक्रयाउन सकिने उल्लेख छ । पालिकाले पोल तथा तार तान्ने कार्यका लागि यस वर्ष ई-बिडिङ्ग बाहेक कोटेशन मार्फत दास निर्माण सेवाबाट रु.८५९५४०।- र सुगान्धी निर्माण सेवाबाट रु.९२०२०९।- समेत जम्मा रु.१७७९७४९।- को कार्य गरेको छ । पालिकाले एउटै प्रकृतिको कार्य प्याकेजमा खरिद नगरी प्रतिस्पर्धा सिमित हुने गरी छुट्टा छुट्टै लागत अनुमान तयार गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२६.२ **ठेक्का लागत भन्दा बढी मुल्यमा खरिद गरेको**: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३(क) मा सार्वजनिक खरिद कार्यमा मितव्ययीता, प्रतिस्पर्धा कायम गर्न प्याकेजमा खरिद गर्न सकिने वा टुक्रयाउन सकिने उल्लेख छ । पालिकाले कृषि तथा विद्युतीकरण अन्तर्गत पोल गाड्ने तथा तार तान्ने कार्यका लागि ई-बिडिङ्ग मार्फत १०२ वटा पोल, २ वटा ट्रान्सफर्मर र तार तान्ने कार्य ठे.नं.PRM/NCB/W/2080/081/12 बाट गरेको छ । पालिकाले सोही प्रकृतिको कार्य कोटेशन मार्फत दास निर्माण सेवाबाट रु.८५९५४०।- र सुगान्धी निर्माण सेवाबाट रु.९२०२०९।- समेत जम्मा रु.१७७९७४९।- को कार्य गरेको छ । यसरी कोटेशनबाट बढी दररेटमा देहाय अनुसारका सामान खरिद गरेको देखिन्छ । यसरी खुल्ला बोलपत्रको खरिद दरभन्दा बढी दरमा खरीद गरेकोले पालिका माथि रु.४७१,४६४।- व्ययभार परेको देखिन्छ । तसर्थ पालिकाले खरिदमा प्रतिस्पर्धा कायम गरी मितव्ययी तवरले खरिद गर्नु पर्दछ ।

| गो . भौ . नं ./ सप्लार्यस | सामानको नाम | ठेक्का दर | कोटेशनबाट खरिद दर | बढी दर | परिमाण | भुक्तानी |
|---|---|---|---|---|---|---|
| १३६ / ०८१ - २ - २७<br>दास निर्माण सेवा | 11 mtrs PSC Pole | १२४०० | १६००० | ३६०० | २१ | ७५६०० |
| | 11 Kv pin Insulator with spindke | २५० | ३९८ | १४८ | ५४ | ७९९२ |
| | 11 kv Disc insulator | ९०० | १३६२ | ४६२ | १५ | ६९३० |
| | Stay wire(7/12 SWG) | १६० | १९४ | ३४ | ४२ | १४२८ |
| | Nut Bolts | १६० | १९९ | ३९ | २२ | ८५८ |
| | ACSR Consuctor Rebbit | ५६००० | ७०००० | १४००० | २.२८ | ३१९२० |
| | Erection Of PSC pole 11 M | २५०० | ४००० | १५०० | २१ | ३१५०० |
| | Stringing Of HT Rabbit ACSR Conductor 3 wire | १५००० | ५२००० | ३७००० | ०.७६ | २८१२० |
| | Stay set Installation Complete | २०० | २००० | १८०० | ८ | १४४०० |
| ११४ / ०८१ - १ - ३०<br>सुगान्धी निर्माण सेवा | 8/9 mtrs PSC Pole | ५५०० | ९००० | ३५०० | ३० | १०५००० |
| | Shackle Insulator with D- Iron Complete | ११० | १५९ | ४९ | १२८ | ६३७२ |
| | Stay wire(7/12 SWG) | १६० | १९४ | ३४ | ४० | १३६० |
| | Nut Bolts | १६० | १९९ | ३९ | ३६ | १४०४ |
| | ACSR Consuctor Rebbit | ५६००० | ७०००० | १४००० | ४.६२ | ६४६८० |
| | Erection Of PSC pole 8/9 M | २००० | ३३०० | १३०० | ३० | ३९००० |
| | Stringing Of HT Rabbit ACSR Conductor 4 wire | २०००० | ५५००० | ३५००० | १.१६ | ४०६०० |
| | Stay set Installation Complete | २०० | २००० | १८०० | ८ | १४४०० |
| | | | | | जम्मा | ४७१४६४ |

सैद्धान्तिक बेरुजु

२७ **शिक्षकको अभिलेख**

शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा समन्वय अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत वुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको

बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्यय इकाई बाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलव विवरण तयार गरी निकासा अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। ईकाइले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

२८ **विद्यालय शिक्षक हाजिरी**

कार्य संचालन निर्देशिका,२०७७ मा बिद्यालयहरुले चौमासिक निकासा माग गर्दा माग फारम साथ विद्यालयमा कार्यरत शिक्षकहरुको हाजिर रिपोर्ट पठाउनुपर्ने व्यवस्था छ। विद्यालयहरुले हाजिरीको अभिलेख नपठाएकोले शिक्षकको उपस्थिति खुलेको छैन। पालिकाले विद्यालयहरुलाई माग फारमसँगै शिक्षकको हाजिर अभिलेख अद्यावधिक गरेर मात्र विद्यालयको निकासा पठाउनुपर्ने व्यवस्थाको पूर्ण पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **दरवन्दी मिलान**

शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहत दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको संख्या एकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कूनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकाले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षकको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

३० **एकमुष्ठ अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा शिक्षण दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहररुलाई एकमुष्ठ १० लाख अनुदान दिने व्यवस्था रहेको छ । ईमिस अनुसार ४१९ जना विद्यार्थी संख्या रहेको ज्ञान ज्योति आदर्श प्रा.वि प्रसौनी विद्यलायमा २०८०।८१ मा एक जना शिक्षकको दरवन्दि रहेको अन्य दुई जना शिक्षकको काजमा रहेको गरि ३ जना शिक्षक बराबरको तलव भुक्तानी भएको र एकमुष्ट १० लाख हस्तान्तरण गरिएको देखिन्छ । शिक्षा नियमावलीको अनुसूची ४ अनुसार अनुसार तराई क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात ५० हुनुपर्ने व्यवस्था गरेको र यस विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षकको दरवन्दी तथा पदपुर्ति न्यून भएकोले विद्यालय संचालनमा कठिनाई भई एकमुष्ठ रु १० लाख हस्तान्तरण गर्नुपरेको पालिकाको भनाई रहेको छ । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयको शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यालयको मर्ज एंव शिक्षक दरवन्दी समायोजन गरी आवश्यकता अनुसार शिक्षकअनुपात व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **निःशुल्क शिक्षा**

नेपालको संविधान २०७२ को अनसुचि ८ अनुसार आधारभूत माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूचि अन्तर्गत रहेको देखिन्छ।अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को दफा २७ मा नीजि लगानीका विद्यालयले प्रारम्भिक वालविकास शिक्षादेखि १२ कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म,पाँचसय देखि आठ सय जनासम्म र आठ सय भन्दा वढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तिमा दश,वाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने व्यवस्था छ।शिक्षा नियमावली २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव,अपांग,महिला,दलित र जनजाति

विद्यार्थीलाई छात्रवृति उपलव्ध गराउनु पर्ने व्यवस्था छ।यसर्थ पालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृति कार्यक्रम कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटवाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३२ **शिक्षक तलब**

यस पालिका अन्तर्गत रहेका सम्पुर्ण विद्यालयका शिक्षक कर्मचारीलाई तलव भत्ता रु ५५०७८४८५ निकासा गरेको छ। शिक्षक कर्मचारीलाई तलव भत्ता निकासा गर्दा शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलवी प्रतिवेदन पारित नगराइ विद्यालयहरुलाई शिक्षकहरुको तलब वापत निकासा दिएको पाइयो। यस आर्थिक वर्षमा पालिका अन्तर्गत विद्यालयमा कार्यरत शिक्षकको दरबन्दी तेरिज, शिक्षक अवकास, सरुवा र मृत्युको विवरण प्राप्त हुन सकेन। जसबाट वास्तविक हुने भन्दा बढी निकासा दिएको छैन भनी एकिन गर्न सकिएन। तलबी प्रतिवेदन पारित गराएर, अवकाश शिक्षक, सरुवा र मृत्युको अभिलेख अद्यावधिक गरेरमात्र तलब निकासा दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३३ **सोधभर्ना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघिय सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकममध्ये खर्च नभएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं १.१.४.१ मा बाल विकास शिक्षक तथा विद्यालय कर्मचारी अनुदान व्यवस्थापन सम्बन्धी व्यवस्था छ। बालविकास शिक्षकको तलब संघीय बजेटबाट रु.१०००० र पालिकाले रु. ७००० थप गर्नु पर्ने व्यवस्था रहेकोमा पहिलो किस्ता(साउन, भदौ, असोज र चाडपर्व)मा संघीय बजेटबाट रु.१५००० दरले बालबिकास शिक्षकको तलब भुक्तानी भएको देखिन्छ । पहिलो किस्तामा २१ जना बालविकास शिक्षकको प्रति शिक्षक रु. २० हजारका दरले संघीय बजेटमा बढि व्ययभार भएको रु.४२०००० सघीय संचित कोषमा फिर्ता गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | ४,२०,००० |
|---|---|

३४ **दिवा खाजा**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा उल्लेख गरे अनुसार दिवा खाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने, स्थानीय तहले दिवा खाजा उपलब्ध गराएको बिद्यालयको बिद्यार्थी दैनिकी हाजिर पुस्तिकाको प्रतिलिपि बिद्यालयका प्रधानाध्यापक र बिद्यालय ब्यवस्थापन खर्च समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या एकिन गरी निकासा दिने उल्लेख छ । यस वर्ष पालिकाले २० वटा विद्यालयलाई विभिन्न किस्तामा गरी जम्मा रु. ८१२३४००. निकासा दिएको छ । पालिकाले विद्यालयमा अनुगमन गरी निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग IEMIS तथ्यांकसँग सत्यापन गराई निकासा रकम सदुपयोग भएको एकिन गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **पाठ्यपुस्तक**

३५.१ **निःशुल्क पाठ्यपुस्तक**:- कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका १२ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको पहिलो किस्तामा रकम रु. २३,३८,००८ निकासा गरेको पाइयो । पहिलो किस्तामा निकासा रकमले

विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरी पुन: विद्यालयलाई रु. १५२०६०३ निकासा भएकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सही सदुपयोग भएको छ भन्न सक्ने अवस्था देखिएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु. ३८५८६११ खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५.२ **पाठ्यपुस्तकको बढी निकासाः** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ क्रियाकलाप नं. २.४.६.१ वमोजिक EMIS बमोजिम विद्यार्थी संख्या सत्यापन गराई रकम निकासा गर्ने व्यवस्था रहेकोमा यस पालिकामा अनिवार्य विषयहरुको हकमा निम्नानुसार विद्यालयमा EMIS मा प्रविष्टि भएको विद्यार्थी संख्या भन्दा बढी दरले भुक्तानी गरेको रकम निम्नानुसारका विद्यालयबाट असुल उपर हुनुपर्ने रु.

| **क्र.स** | **विद्यालयको नाम** | **भुक्तानी हुनु पर्ने** | **भुक्तानी भएको** | **बढी भुक्तानी** |
|---|---|---|---|---|
| १ | बेंगा साह मावि | १२१८३७७ | १२८६९२९ | ६८५५२ |
| २ | नंव आदर्श प्रा.वि | २२६४५ | ३७८५५ | १५२०९ |
| | | | | **८३७६१** |

| असुल गर्नुपर्ने | ८३,७६१ |
|---|---|

३६ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु जना रहेका छन। पालिकाले सशर्त चालु शीर्षकबाट १८१२० थान स्यानिटरी प्याड रु.९९०९६४ (मु अ कर समेत) मा सिद्धि माँ सप्लायर्स(६२०७३१२९६) बाट खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ७९ जनालाई औसत ४७ दिनले ३७४५ दिन रोजगारी उपलव्ध गराई रु. ४०६४५८५ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **फाजिलमा कर्मचारी**

निजामती सेवा ऐन, २०४९ को दफा ७ मा कुनैपनि सरकारी कार्यालयले दरवन्दी अनुसारको कर्मचारी व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिकामा स्वास्थ्य तर्फ दरवन्दी बाहिरको निम्नानुसार ३ कर्मचारीलाई फाजिल राखि तलव भत्ता भुक्तानी दिएको पाईयो। फाजिल कर्मचारीलाई दरवन्दी अनुसारको कार्यालयमा व्यवस्थापन गरी सरकारको थप दायित्व हुने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

| क्र.स | नाम/पद | वार्षिक भुक्तानी |
|---|---|---|
| १ | रोजि कुमारी चौधरी (पाचौ) | ६४७०७१ |
| २ | जुनु कुमारी गुरुङ (पाचौ) | ६४७०७१ |
| ३ | देवकान्त मिश्र (सातौ) | ९०५१७९ |
| | | २१९९३२१ |

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **बढि ग्रेड भुक्तानी**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गरी सो बमोजिम तलब तथा ग्रेड भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । यस पालिकामा निम्नानुसार स्वास्थ्य तर्फका कर्मचारीहरु पारित तलवी प्रतिवेदनमा तोकेको ग्रेड भन्दा बढी ग्रेड रकम भुक्तानी भएकोले सम्वन्धित कर्मचारीहरुबाट असुलउपर गरि संघीय संचित कोषमा दाखिला हुनु पर्ने रु.

| **क्र.स** | **कर्मचारीको नाम** | **बढी भुक्तानी** | **कैफियत** |
|---|---|---|---|
| १ | मुकेश कुमार साह (सहायक पाँचौ) | १६२१२ | श्रावण देखि माघ सम्म २ ग्रेडका दरले बढी भुक्तानी भएको |
| २ | दिनेश प्रसाद मण्डल(सहायक पाँचौ) | २२००२ | श्रावण देखि माघ सम्म २ ग्रेडका दरले वढी भुक्तानी र असार सम्म १ ग्रेडका दरले बढी भुक्तानी |
| | | **३८२१४** | |

| असुल गर्नुपर्ने | ३८,२१४ |
|---|---|

४० **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधी पालिका आफैंले खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा २ वर्ष बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सशर्त चालु शिर्षकबाट गढिमाई मेडिहेल्थ प्रा.लि फर्मसँग रु. १५७७९९० को औषधि खरिद गरेकोमा तोकिएको विवरण खुलाइ जिन्सी दाखिला भएको देखिएन।

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम संचालन सबै वडामा ईएफटी मार्फत लाभग्राहीको खातामा रु. ९२१७६४३२ निकासा दिएको देखिन्छ । यस आर्थिक वर्षमा ८१५ जना नयाँ थप र ४७९ जना लगत कट्टा भई ३८५४ जना लाभग्राही कायम भएको छ । यस अन्तर्गत देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

४१.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा १५(३) बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्नेछ र दफा २६ (३) बमोजिम एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट

अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरि त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको तथा लगत कट्टा भई फिर्ता हुने रकम सन्दर्भमा सम्बन्धित शाखाले बैकलाई फिर्ता गर्ने पत्र बमोजिम बैंकबाट फिर्ता गरे नगरेको एकिन गरि प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेकोले त्यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा ११ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा गरी लगत अद्यावधिक समयमा नै गर्नुपर्नेमा सो अनुसार गरिएको पाइएन ।

सैद्धान्तिक बेरुजु

४१.३ **पारदर्शिता**:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा ३२ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको त्रैमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन।तसर्थ निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन। अतः पालिकाले लाभग्राही नामनामेसी विवरण अद्यावधिक गरेर मात्र भत्ता रकम वितरण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१.४ **अनुगमन तथा सुपरिवेक्षण**:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-१३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। त्यसैगरी वुंदा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङकन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। त्यस तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४१.५ **रकम निकासा**:- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७७७ को वुंदा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-१३ बमोजिमको ढाँचामा चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। पालिकाले सामाजिक सुरक्षा शिर्षकबाट लाभग्राहिको खातामा रकम भुक्तानी गर्न विभिन्न बैंकलाई प्रथम, चौमासिकमा रु.२२६२४७०६, निकासा दिएकोमा पहिलो किस्ताको बैंकले वितरण गरेर रिभर्स गर्न बाकी रहेको रु २००५२४ बैंकले फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्ने र लाभग्राहीको निष्कृय खाताको लगत कट्टा गरी बैंकले फिर्ता गर्नुपर्ने रकम एकिन गरी संघीय संचित कोषमा रकम दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| वडा नं. | बैंक | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|
| १ | हिमालयन बैंक | ४६८७६ |
| २ | हिमालयन बैंक | ६४९० |
| ३ | महालक्ष्मी विकास बैंक-प्रसौनि शाखा | १२७६० |
| ४ | हिमालयन बैंक | ३७२७० |
| ५ | महालक्ष्मी विकास बैंक | ४१४९६ |
| ६ | महालक्ष्मी विकास बैंक-प्रसौनि शाखा | ४५५१६ |
| ७ | महालक्ष्मी विकास बैंक-कलैया शाखा | १०१०८ |
| | जम्मा | २००५२४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,५१६ |

४२ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| प्राप्तिको श्रोत | वार्षिकअनुमानित आय | आम्दानी |
|---|---|---|
| १४५२९ - अन्य राजस्व | ३५०००० | ० |
| १४५२९ - अन्य राजस्व | १५००००० | ० |
| ११३१३ - सम्पती कर | ० | १०७७ |
| ११३१४ - भुमिकर/मालपोत | ५००००० | ७१०४७२ |
| ११३१७ - वहाल कर | ५००००० | १८२९७७५ |
| ११३१८ - वहाल विटौरी कर | २५०००० | ० |
| ११४५१ - सवारी साधन कर (साना सवारी) | १०००० | ० |
| ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १०००० | ० |
| ११४७९ - अन्य मनोरञ्जन कर | ५००० | ० |
| ११६११ - व्यवसायले भुक्तानी गर्ने | ५००००० | ० |
| ११६२१ - व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ५००० | ० |
| ११६३१ - कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५००० | २८२५ |
| ११६९१ - अन्य कर | ५००००० | २७४१८४ |
| १४१२९ - अन्य निकायबाट प्राप्त लाभांश | ० | ६००००० |
| १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १०००००० | ० |
| १४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ४२५ |
| १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | १५००००० | ४१४५८७५ |
| १४२१६ - निजी धारा वापतको शुल्क | ५००००० | २४६१०२० |
| १४२१८ - विद्युत सेवा शुल्क | ० | ६५० |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १०००० | ४७८४८० |
| १४२२१ - न्यायिक दस्तूर | १०००० | १४०० |
| १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | १००० | १३९६१० |
| १४२२४ - परीक्षा शुल्क | १०००० | २७०० |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | १०००० | ५८५०० |
| १४२४२ - नक्सा पास दस्तुर | १५००००० | १४५२४६१ |
| १४२४३ - सिफारिश दस्तुर | ५००००० | २११८५४ |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १००००० | ११५९५० |
| १४२४५ - नाता प्रमाणित दस्तुर | १००००० | १२७५० |
| १४२४९ - अन्य दस्तुर | १०००० | ६५९७४७ |
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | २००००० | ९०१०० |
| | | |

| | | |
|---|---|---|
| १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ५००० | ३०० |
| १४२६५ - अन्य क्षेत्रको आय | ५००००० | २३१०० |
| १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | १०००० | ० |
| १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | १०००० | ० |
| १४३१३ - धरौटी सदरस्याहा | १५०००० | ० |
| १४४२१ - पूँजीगत हस्तान्तरण | ० | ७५००००० |
| १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | १५०००० | ० |
| १४५२९ - अन्य राजस्व | ९४८६१२०० | २१२४९५० |
| १४६११ - व्यवसाय कर | १००००० | ९११०० |
| १५११२ - निकासा फिर्ता | २०४९७४२५ | ० |
| १५११३ - अनुदान फिर्ता | ० | ० |
| ३२१२१ - नगद | ० | २६५७४२२ |
| | १२५८६९६२५ | २५६४६७२७ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

४३ अद्यावधिक बेरूजू र संपरीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । पालिकाले स्थलगत लेखापरीक्षणकको क्रममा संपरीक्षणको लागि अनुरोध पेश भएन ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **प्रसौनी गाउँपालिका, बारा** को २०८१ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २१२१४०००० | ० | ४०११२७५.५६ | ० | २१६१५१२७६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : प्रसौनी गाउँपालिका, बारा , प्रसौनी गाउँपालिका , बारा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुमित कुमार सिंह | २०७९-१२-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रेमबाबु प्रसाद | २०७५-१२-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,४९४,१४९.५८ | २,०३९,७९३ | ४०६,३३२.९८ | ० | ० | ६५,००० |
| | | | | **जम्मा बेरुजु रकम** | ४,००५,२७५.५६ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

स्थानीय तह :



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८९८३४५५९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २४२६२७४९१ | **चालु खर्च** | २४५८७३६३३ |
| **प्रदेश सरकारबाट अनुदान** | १०११९२७९ | **पूँजीगत खर्च** | १५३८८५३२० |
| **राजश्व बाँडफाँट** | ६९२२७९७६ | **वित्तीय/अन्य व्यवस्था** | ४३३७५६०० |
| **आन्तरिक आय** | २५६४६७२८ | | |
| **अन्य आय** | १०७९३२१४८ | | |
| **कुल आय** | ४५५५५३६२२ | **कुल खर्च** | ४४३१३४५५३ |
| **बाँकी मौज्दात** | | १०२२५३६२८ | |

## अनुसूची - २